# प्रथम परिच्छेद

# परिचय

## १.१ विषय परिचय

नेपालको राजधानी देखि पूर्व उत्तरमा  काभ्रेपलाञ्चोक जिल्ला पर्छ । काभ्रेपलाञ्चोक जिल्लाबाट पूर्व पाँचखाल, लामीडाँडा हुदै पूर्व तर्फ शिखरपुर, होक्से, चाँपको डाँडोको जनजङगल हुँदै माथिडाँडामा पलाञ्चोक भगवती मन्दिर अवस्थित रहेको छ । भगवती मन्दिर भएकोले पलाञ्चोक जगत जननी भगवती तिर्थस्थलको नामले प्रसिद्ध रहेको छ ।

यस स्थानको पूर्वमा  खरेलथोक गा.वि.स रहेको छ । पश्चिममा डाँडाथोक गाँऊ र होक्से गाउँ रहेको छ । दक्षिणमा भेटवालथोक वेसी गाँउ रहेको छ र उत्तरमा गैरीगाँउ, दोलालघाट गा.वि.स पर्दछन् । त्यस मन्दिर परिसरको रमणीय स्थलबाट अवलोकन गर्दा उत्तरमा हिमाल, दक्षिणमा बेसीकाफाँटहरू र माहाभारत डाँडाहरूको जङ्गल लेकको अवलोकन पनि गर्न सकिन्छ ।

यस पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) स्थित **साठीघर भगवती** को नाम किन रहन गयो भने राजा मानदेवको पालामा नै भगवती मन्दिरको स्थापना भएको र त्यसै समयमा साठीघर निर्माण भएकाले यस स्थानको भगवती साठीघर नाम रहन गएको हो र केही सिलालेख, किम्वदन्ती लेखहरूमा पाएको  छ । यस स्थानमा विभिन्न जनजातीहरू बसोबास गर्दछन् । यस स्थानमा जगत माता जननी पलाञ्चोक भगवती भनी प्रख्यात रहेको छ । यहाँ विभिन्न भक्तजनहरू आई दर्शन गरि ( भक्ती प्रदान गरेको छ) आफ्नो ईच्छाएको वरदान माग गर्दछन्  ।

यस स्थानमा विभिन्न जनजातीहरू ब्रामण, क्षेत्री, नेवार, मगर, दमाई, कामी, घर्ति, सार्कि, पहरी र  दनुवार आदि बसोबास गर्दछन् । यहाँका मानिस एक आपसमा सहयोगको आदान प्रदान गर्दछन् । जन जात अनुसार आ–आफ्नो धर्म सँस्कृतिमा चाड पर्व, विवाह, वर्तवन्ध रिति रिवाज अनुसारनै गर्ने गर्दछन् ।

यस क्षेत्रमा मनाइने चाडपर्वहरूमा दशैं, तिहार, धन्य पूर्णिमा, स्वस्थानी व्रतकथा, माघे संक्रान्ती, फागु पूर्णिमा, चैते दशैं पर्दछन् । दशैंमा भगवती मन्दिरको रथ जात्रा गर्दा विभिन्न वाजा, भजन गीत गाईने परम्परा रहेको छ । बुद्ध जयन्तिमा पनि रथ जात्रा गरिन्छ

भने जनैपूर्णिमााको दिन देखि नेवार जनजातीले आफ्नो परम्पराको सांस्कृती झल्कने लाखे नाँच, रोपाईजात्रा, गाईजात्रा, कृष्ण अष्ठमीमा पनि रथ जात्रा गरिन्छ । जाडो मौसमा जाडो र गर्मी मौसमा भने बेसीफाँटमा मात्र धेरै गर्मी हुन्छ र माथि गाँउहरूमा सामान्य गर्मी र जाडो हुने गर्दछ । प्रायः गरि मकै, कोदो, धान (घैया) र गहूँ मुख्य वाली लगाइन्छ । तरकारी खेतीमा गोलभेडा, आलु, काउलीहरूको अर्गानिक खेती गरिन्छ । हिँउदमा तोरी, फापर तथा गँहु तथा जौ को खेती गरिन्छ भने कन्दमूल मा सखरखण्डा, पिडालु, तरुल आदिको खेती पनि गरिन्छ । यस स्थानमा यातायातको त्यति राम्रो व्यवस्था छैन । हाल आएर केही कच्ची सडकहरू निर्माण हुन लागेको छ । पिउने पानीको  व्यवस्था प्रर्याप्त अवस्थामा छैन तर पनि केही पानीहरू सङ्कलन गरी विभिन्न गाँउहरूमा ठाँउ ठाँउ पानीको धारा जडान गरी पिउने पानीको व्यवस्था राम्रो  छ ।

## **१.२ समस्या कथन**

कुनै एउटा स्थानमा रहेका सांस्कृतिक महत्वका लोकगीतका बारेमा त्यसै ठाउँका व्यक्तिहरूलाई जानकारी नहुनु वास्तवमै एउटा समस्या हो । वर्तमान समयमा युवा पुस्तामा परेको पश्चिमी संस्कृतिको प्रभाव एवं सञ्चार माध्यमबाट बज्ने गीतप्रतिको आकर्षणका कारण यस्तो समस्या देखा परेको हो । यस्तै समस्या  यस पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) मा पनि देखियो । आफ्नो ठाउँमा के कस्ता नेपाली लोकगीतहरू प्रचलित छन्, कति प्रकारका छन् र तिनका विशेषता के के छन् भन्ने विषयमा यहाँका व्यक्तिलाई जानकारी हुनु अत्यन्त आवश्यक छ । यस्ता ओझेलमा परेका कुरालाई बाहिर ल्याउनका लागि कोही न कसैको सक्रियताको खाँचो अवश्य नै छ । यसर्थ यही आवश्यकताको महशूस गरी नेपाली भाषाका पाठक तथा नेपाली भाषाको विकास गर्न चाहने व्यक्तिको खाँचोलाई समेत  आंशिक मात्रामा भए पनि सहयोग पुऱ्याउने उद्देश्यानुरूप निम्न समस्याहरूमा केन्द्रित भई यो अध्ययन गरिएको छ ।

(क) पाँचखाल क्षेत्रमा के कस्ता नेपाली लोकगीतहरू प्रचलित छन्?

(ख) पाँचखाल क्षेत्रका नेपाली लोकगीतहरूको कसरी अध्ययन गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) को लोकगीतहरूको अध्ययन गर्नु यस अध्ययनको मूल उद्देश्य हो । त्यससँग सम्वन्धित बुँदाहरू यस प्रकार छन् :

(क) पाँचखाल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको संकलन गर्नु ।

(ख) पाँचखाल क्षेत्रका लोकगीतहरूको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य र मह□व

यस अध्ययनको पनि आफ्नै औचित्य र मह□व अवश्य पनि रहेको छ, जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

(क) नेपाली लोकगीतको अध्ययनमा पूर्णता ल्याउन आंशिक योगदान पुऱ्याउनु,

(ख) नेपाली लोकसाहित्यका पाठकहरूलई काभ्रे जिल्लाका पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) क्षेत्रमा प्रचलित लोकगीतका बारेमा परिचय दिनु,

(ग) यस क्षेत्रका लोकगीतको अन्य क्षेत्रसँग तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याउनु,

(घ) स्थानीय स्तरमा प्रचलित तर लोपोन्मुख नेपाली लोकगीतको मह□व बोध गराउनु ।

## १.५ अध्ययनको सीमा

काभ्रेपलाञ्चोक जिल्ला नेपालको मध्यपूर्वी पहाडी भू-भागमा अवस्थित जिल्लाहरू मध्येको एक हो । देशको प्रशासनिक विभाजन अनुसार यस जिल्ला वागमती अञ्चलमा पर्दछ । यस जिल्लामा ८७ गा.वि.स. र ३ वटा नगरपालिका रहेकोमा अहिलेको प्रशासनिक संरचना अनुसार ७६ गा.वि.स.र ५ वटा नगरपालिका रहेका छन् । ५ वटा नगरपालिका मध्ये पाँचखाल नगरपालिका पनि एक हो । यो नगरपालिका अनैकोट, पाँचखाल, देवभूमि वालुवा, होक्से र साठीघर भगवती गा.वि.सहरू ५ वटा समावेश गरी गठन भएको हो । साठीघर भगवती गा.वि.स.सो नगरपालिकाको १६ नं वडा अन्तर्गत पर्दछ । यो अध्ययनको क्रममा पाँचखाल नगरपालिकाको वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.)को मात्र

अध्ययन गरिएको छ । पाँचखाल नगरपालिका वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) क्षेत्र अन्तर्गत पर्दछ ।

यस अध्ययनको भौगोलिक सीमा अन्तर्गत काभ्रे जिल्लाको पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) क्षेत्र अन्तर्गत पर्ने छ वटा गाउँहरूमा (साठीघर, गैरी गाँउ, डाडागाँउ, चिसापानी, भेटवालथोक र चारपिपलगाँउ) छन् । यी क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूका बारेमा मात्र सीमित रहेको छ भने  विभिन्न भाषिक जातजाति, भाषाभाषी, धर्म सस्कृतिका मानिस भएता पनि नेपाली भाषामा रहेका लोकगीतहरूलाई मात्र यस अध्ययनभित्र समेटिएको छ । यसरी यस अध्ययनलाई एउटा निश्चित सीमाभित्र सीमित गरिएको छ ।

## १.६ अध्ययन विधि

यस क्षेत्रका  लोकगीतहरूको अध्ययन गर्दा सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधिद्वारा गरिएको छ ।

### १.६.१ सामग्री सङ्कलन विधि

यस अध्ययनका लागि सामग्री सङ्कलन गर्दा क्षेत्रीय अध्ययन विधि प्रयोगमा ल्याइएको छ । अध्ययन क्षेत्रको रूपमा समेटिएका यस पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) मा गएर सवै उमेर समूहका लोक समुदायका महिला,पुरुष, केटाकेटी वृद्धवृद्धाहरूबाट लोकगीतहरू रेकर्ड गरी सङ्कलन गरिएको छ । संकलनका क्रममा प्रश्नावलीको प्रयोग गर्नुका साथै आवश्यकता अनुसार अवलोकन,निरीक्षण,विचार विमर्श आदि पनि गरिएको छ ।

### १.६.२ सामग्री विश्लेषण विधि

लोक समुदायबाट सङ्कलित प्रस्तुत गीतहरूको विश्लेषण गर्दा वर्णनात्मक, विधिको प्रयोग गरिएको छ । यस क्रममा तथ्यहरूलाई केलाई व्याख्या गर्ने काम गरिएको छ ।

## १.७ अध्ययनपत्रको रूपरेखा

यस अध्ययनपत्रको रूपरेखा तिन परिच्छेदमा विभाजन गरिएको छ ।

१. प्रथम परिच्छेद अध्ययनपत्रको परिचय

२. द्वितीय परिच्छेद पाँचखाल क्षेत्रका लोकगीतहरूको अध्ययन

३. तृतीय परिच्छेद सांराश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्री सूची

# द्वितीय परिच्छेद

# पाँचखाल क्षेत्रका लोकगीतहरूको अध्ययन

## २.१ विषय परिचय

नेपाली लोकगीतमा प्रगतीवादी चेतना लेखमा विद्वान राजेन्द्र सुवेदीले परापूर्वकाल देखि लोकजीवनमा प्रचलित हुँदै आएको र जनमानसले मौखिक रूपमा जीवन्तता प्रदान गरेको साहित्य विशेष लोकसाहित्य हो र लोकसाहित्य मानव सभ्यताको अथाह सामाग्री भएर परम्पराको सम्वाहक बनेको हुन्छ । मानव सभ्यताको इतिहास बोक्ने र विगतलाई वर्तमानसँग जोड्ने साँघुको रूपमा लोकसाहित्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लोकव्यवहारमा सहज, सरल र पाठान्तर बनी जनताको सुख दुःखको साथी रहदै र मनोरञ्जन प्रदान गर्दै आएको पुस्ता, पुस्तामा हस्तान्तरित र परम्पराको सम्बाहक तथा हिकतामा सिर्जित मूलरूपमा मौखिकमा पाईने लोकगीत नै साहित्यको एक परिभाषित परिभाषाको रूपमा पाइन्छ । लोकसाहित्य सहज रूपमा कुनै बनाबटपन नल्याई हृदयबाट फुत्कने उद्गार हो । यस किसिम उद्गार सहज हुन्छ । यसमा औपचारिकता कुनै वास्ता हुदैन हृदयबाट उब्जे पछि प्रकट हुनु नै लोक साहित्यक स्थानीयता विशेषता हो । आफ्नो निकटमा रहेका डाँडाकाँडा नदी, खोला आदि प्राकृती सम्पतीलाई लिएर चिन्तन बनाइन्छ । लोकगीत मौखिक साहित्य हो अलिखित रूपमानै यसको सिर्जना हुन्छ र गाइन्छ ।

नेपाली लोकजीवनले रचना गरेर सुख, दुःख, हर्ष, विस्मात, मेला, पर्व, जात्रा, तमासा आदिमा गाउँने गीतलाई लोकगीत भनिन्छ । काम बिशेषमा देवीदेवताको आरधाना गरेर मङ्गलको कामना गर्दै पनि यस्ता गीतहरू गाइन्छन् । यसैले लोकगीतहरू धेरै थरीका छन् । विशेष मौसममा गाईने मौसमी गीत र जहिले गाए पनि हुने बाह्रमासे गीत गरी यी गीतहरूलाई एक किसिमले चिनाउन सकिन्छ भने काम गर्दा गाइने कर्मगीत र काम नगर्दा गाइने गीत सदाबाहर गीत भनेर चिनाउन सकिन्छ । नेपाली जनजीवनमा प्रयोग गरिने केही लोकगीतका प्रकार र नमूना निम्न प्रकारका छन् ।

### लोकसाहित्य परिचय

'लोक' र 'साहित्य' दुई स्वतन्त्र अर्थ बोकेका शव्दहरूको संयोजनबाट लोकसाहित्य शव्दको व्युत्पत्ति भएको हो । 'लोक' शव्दले साधारण आदिम जनसमूदाय तथा तिनीहरूको

आचार व्यवहार र आदर्शलाई बुझाउँछ । त्यसैगरी ‘साहित्य’ शव्दले जनहितक लागि कल्याणकारी भावनाले अभिप्रेरित साहित्य भन्ने बुझाउँछ । यसरी ‘लोकसाहित्य’ शव्दले आम जनसमूदाय अर्थात लोक समाजको मौलिक साझा साहित्यिक अभिव्यक्तिलाई बुझाउँछ । लोक साहित्यमा लोक जीवनका सुख, दुःख, पीडा, व्याथा, वेदना, हर्ष, विस्मत आदि अनुभूतिहरू समेटिएका हुन्छन । यसमा लोकानुभूति पुराण-गाथाहरू, अन्ध विश्वास, पर्व-उत्सव, प्रचलित अभिव्यक्ति, कला कौशल आदि अन्य सबै कुराहरू पर्दछन । यसबाट के स्पष्ट हुन्छ भने लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो र आकर्षक मौलिक साहित्य नै लोक साहित्य हो ।

**लोकगीत**

लोक साहित्यका विभिन्न विधाहरू रहेका छन् । यस अन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोक नाटक, उखान टुक्का, लोक कविता, लोक काव्य, पहेली एवं गाउँखाने कथाहरू पर्दछन । लोक साहित्यका विभिन्न विधा मध्येको प्रमुख र लोकप्रिय विधा लोकगीत हो । लोकगीत लोक पद्यको छोटो, चुट्किलो र आख्यान रहित गेयात्मक रचना हो । कुनै न कुनै रूपमा मानव मनका विभिन्न भावहरू हर्ष, विस्मत, व्यथा, वेदना आदि अभिव्यक्त गर्ने सशक्त माध्यम लोकगीत हो । यसले सरल र सरस ढंगले हृदय सम्वेद्य भावहरूको प्रकरीकरण गरिरहेको हुन्छ । यसका स्रष्टा बहुसंख्यक अशिक्षित ग्रामिण समाजका व्यक्तिहरू नै हुन् । यसमा वन, पाखा, लेक, बेंशी, उकाली, ओराली, हर्ष, वेदना, आँशु, हाँसो तथा जीवनका आरोह, अवरोहको जे जति अभिव्यक्ति पाइन्छ त्यति अरु कुनै विधामा पाईदैन । यस विधा अन्तर्गतका झ्याउरे, संगिनी, देउडा, करुवा, वालुन, भजन, असारे, भैलो, देउसी, सावाई, सेलो आदि विभिन्न प्रकारका संस्कार गीत, ऋतुगीत, वाह्रमासा आदि नेपाली समाजमा प्रचलित छन् ।

## २.२ लोकगीतका तत्त्व

लोक साहित्यका विभिन्न विधाहरू लोकगीत प्रमुख विधा हो । लोकगीत बन्नलाई विभिन्न किसिमका तत्त्व हुनु आवश्यक छन् । ती तत्त्वहरू निम्नानुसार छन् ।

### २.२.१ कथ्य

लोकगीत पनि कुनै न कुनै कथ्य वा सन्देश भएको अभिव्यक्ति हो जसमा व्यक्त गर्नेले केही न केही भनेको हुन्छ । यसमा भनिएको कुरा नै कथ्य हो र त्यस कथ्यलाई

सुन्नेले बुझ्दछ । लोकगीतको सङ्गीत त□वले गर्दा कहिले काहीं कथ्य नबुझिए पनि श्रोतालाई आनन्दको अनुभव हुन्छ । गीतमा कुनै न कुनै सन्देश हुन्छ नै । यही सन्देश नै त्यस गीतको कथ्य विषय हो ।

### २.२.२ भाषा

गीतको कुनै न कुनै भाषा हुन्छ, नेपाली भाषा र नेपालका भाषाहरूमा जस्तै संसारभरिका भाषामा गीतहरू छन् तर गीतको भाषा सामान्य बोलचालको भाषाभन्दा फरक हुन्छ । केही गीतहरू धेरै समयदेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका छन् । विशेष गरी धमारी, फाग, झोलाउलो, पडेली आदि गीतहरूमा भाषाको पुरानो रूप बाँकी रहेको भेटिन्छ ।

### २.२.३ चरन वा पद

गीतका चरन वा पाउ हुन्छन् । गीतको एक चरन एक पाउ हो र यो गीतको स्वरूप अनुसार छोटो वा लामो हुन सक्छ । प्रायः एउटा चरनको अर्को चरनसँग तुक मिलाईएको हुन्छ । यी दुई चरनमा पनि पहिलाई फेद र दोस्रो चरनलाई टुप्पो भनिन्छ । केही गीतहरूमा दुबै चरन प्रासङ्गिक रूपले सम्वद्ध देखिन्छन भने केही गीतमा ती उपसम्बद्ध पनि देखिन्छन् ।

### २.२.४ स्थायी र अन्तरा

स्थायी भनेको त्यो भाग हो जो पटक पटक दोहोऱ्याउँछ । गीत गाउँदासम्म भट्याउनेहरूले यसैलाई भट्याउँछन् । यसैलाई रिटक, दुआ र छोपुवा पनि भनिन्छ । कतै कतै यसलाई टेको पनि भनिन्छ । गीतको क्रमैसँग अघि बढ्दै जाने अंशलाई अन्तरा भनिन्छ । अन्तरा दोहोरिंदैन । एकजनाले भटभट्याउँछ र स्थायीका निम्ति मात्र अडिन्छ । यस्ता शव्दलाई सङ्गीतशास्त्रका शव्दावलीमा स्तोभ भनिन्छ ।

### २.२.५ रहनी, बथन र थेगो

लोकगीतका बीचबीचमा आउने शव्दलाई रहनी, बथन वा थेगो पनि भनिन्छ । यस्ता शव्दहरू मध्ये कति सार्थक हुन्छन भने कतिको शव्दार्थ खुट्ट्याउन गाह्रो पनि हुन सक्छ । यिनमा केही सम्बोधनका रूपमा देखिन्छन् र केही चाहीं अनुकरणात्मक र उद्गारबोधक शब्द पनि हुन्छन् । यस्ता वथन र रहनीले गीतको प्रवाह र द्वन्द्व निर्माणमा

महत्वपूर्ण भूमिका खेल्दछन् । उदाहरणका निम्ति ए कान्छी, ए साहँली, हागोरी, निर्माया, लालीमै, रेलीमाईं, नानीलै, सालैज्यु, भेना, साली, साहिँला, कान्छा जस्ता शव्द सम्बोधनका र वरै, वरिलै, नारान, बरा आदि उद्‌गारबोधक र हुर्र, च्याट्ट, ठ्याम्मै जस्ता अनुकरणात्मक शव्दहरूलाई प्रस्तुत गर्न सकिन्छ ।

गीतद्वारा भनिने सन्देशलाई कुरा गर्दा जस्तै सोझै नभनेर सम्बद्ध र असम्बद्ध प्रसङ्गमा मिलाएर भनिन्छ । दुई चरन भएका गीतमा प्रायः दोस्रो चरनमा हुन्छ र पहिलो चरनले दोस्रो चरनका सन्देशलाई सन्दर्भित गर्छ । तर त्यो सन्दर्भ दुई प्रकारको हुन्छ सम्बद्ध र असम्बद्ध । सम्वद्ध सन्दर्भ त्यो हुन्छ जो सन्देशको विषयसँग सम्बन्धित हुन्छ । उदाहरणका लागिः

खोलापारि म मायाँ लाउँदिन

वर्षा लाग्यो म आउँन पाउँदिन ।

यस गीतमा दुवै चरन एक अर्कासँग सम्बद्ध छन् खोलापारि माया नलाउने कारण के हो भने वर्षा लागेपछि प्रेमी र प्रेमिकाबीचमा सम्पर्क हुन गाह्रो हुन्छ । असम्बद्ध सन्दर्भ त्यो हुन्छ जो मुख्य सन्देशसँग सोझै सन्दर्भित हुँदैन । जस्तै :

काटी खाने सुपारी त फोडी खाने होईन

जान्छु जान्छु भन्नेलाई छोडी जाने होईन ।

यसमा दुवै चरन असम्वद्ध छन् । यस्ता गीतहरूमा दोस्रो चरनले मुख्य सन्देशलाई जनाउँछन् भने पहिला चरनहरू सन्देशकै प्रसङ्‌गका रूपमा आएका भए तापनि यी दोस्रा चरनका कथ्यसँग सोझै सम्बद्ध छैनन् ।

### २.२.६ लय र भाका

लय वा भाका भनेको लोकगीतको स्वरगठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । लोकजीवनमा गीत गाउने खास शैली नै भाका हो । थेगाहरूका आधारमा ए ठूली भाका, निर्माया भाका, निर्जाले भाका, नैना रेशम भाका, सलैजो भाका, सुनिमाया भाका, पियारी भाका, चाईना कम्पनी भाका, लौरी लरर भाका, सुनको गजुर भाका आदि छन् भने ठाउँका आधारमा आँधीखोले, कर्पटारे भाका आदि, अनि लयकै

आधारमा ठाडो भाका र तेर्सो भाका तथा जातिका आधारमा दुरा भाका भनि गीतलाई चिनाउने चलन पनि छ ।

**छन्द**

धेरैजसो लोकगीतहरू निश्चित छन्दमा बाँधिएका हुन्छन् भने केही चाहिं लयको प्रवाह मात्र लिएका हुन्छन् । झ्याउरे, दोहा, सवाई, सेलो जस्ता निश्चित अक्षरका छन्द हुन् । कविता जस्ता केही लयात्मक गीत र कविताहरू पनि छन् ।

### २.२.७ नृत्य र वाद्य

गीतहरूसँग नृत्य पनि मिसिएको पाइन्छ यद्यपि नृत्य एउटा स्वतन्त्र अभिव्यक्ति प्रणाली हो । लोक प्रचलित नृत्यलाई लोकनृत्य भनेर यसलाई शास्त्रीय नृत्यवाट छुट्ट्याइन्छ । नेपाली लोकनृत्यहरूलाई भैरबबहादुर थापा (२०५७) ले पाँच पद्धतिमा विभक्त गरेका छन् । ती हुन् :

**हिमाली**

यस अन्तर्गत मनिरिम्दु, शेर्पा, सेलो, थामी नृत्यहरू पर्दछन् । यिनमा नाच्नेहरू गोडा बजार्दै गोडाको ताल मिलाउँदै नाच्दछन् । यस्ता नृत्यमा तिब्बती शैलीको मुकुन्डो लगाएर नाच्ने चलन पनि छ ।

**किराँती**

किराँती शैलीको नाचमा चण्डी नाच प्रमुख हो । यो नाच ताण्डव प्रकृतिको हुन्छ । किराँती शैलीको नाचका फेदापे, पाँचथरे र ढंटुवारे भेदहरू छन् ।

**पहाडी**

पहाडी शैलीको नाचमा सोरठी प्रमुख हो । घाटु, बालुन, देउडा, मारुनी, चरित्र आदि यसै वर्गमा पर्दछन् । पहाडी शैलीमा नाच्नेहरू कहिले छोटो कहिले ढिलो गर्दछन् । तिनीहरू कहिले उफ्रने, घस्रने र घुम्ने पनि गर्दछन् । पहाडी शैलीमा हिमाली किराँती र तराई शैलीको पनि प्रभाव छ ।

**कान्तिपुरी**

कान्तिपुरी शैलीको नाचमा चर्या प्रमुख हो । मञ्जुश्री, नाट्येश्वरी, गुह्येश्वरी, पञ्चबुद्ध, लोकेश्वर लाखे र भैरवनृत्य आदि नाचहरूमा मुकुण्डो लगाउने चलन पनि पाइन्छ ।

**तराई**

तराई शैलीको नृत्यमा धमारी प्रमुख छ । यस अन्तर्गत झिझिया, विदेशिया, सखिया, छोकडा, झाँगड, सत्तार र टप्पा नृत्यहरू पर्दछन् । यी नाचमा घुँधुरा लगाई केही गीत गाउँदा बाजा वजाउने अनिवार्यता रहन्छ, केही गीतका साथ बाजा भए पनि हुन्छ नभए पनि हुन्छ भने केही गीतका साथ यसको आवश्यकता रहँदैन । बाजाहरू पनि तीन किसिमका छन्:

**स्वरवाद्य**

मुरली, बाँसुरी, बिनायो र सहनाई जस्ता फुकेर बजाउने बाजाहरूलाई स्वरवाद्य भनिन्छ ।

**तारवाद्य**

सारङ्गी, अर्बाजो, टुङ्ना, एकतारे जस्ता तार भएका बाजाहरू नै तारवाद्य हुन् ।

**तालवाद्य**

मादल, खैंजडी, ढ्याङ्ग्रो, डम्फू, हुट्का, डमरु, नगरा जस्ता छालामा ठोकेर बजाईने र मुजुरा, चाँप, झ्याली, करताल जस्ता धातुमा ठोकेर बजाईने बाजाहरू तालवाद्य अन्तर्गत पर्दछन् ।

## २.३ पाँचखाल क्षेत्रका लोकगीतहरूको अध्ययन

### क) प्रार्थना गीत

कुनै कामको थालनि गर्दा आफ्नो काम सिद्ध होओस् भनि घरमा पुराण, सप्ताह यज्ञ,अनुष्ठान लगाएको ठाउँमा पूजा पाठ गर्दा धार्मिक स्थलहरू (मठ मन्दिर) मा सदा रच्छे गर भनेर भजन गाइन्छ । पूजा पाठ गर्दा  आफ्नो काम सिद्ध होओस् भनि पूजाको सामाग्री फूलमाला जौ, तील अबिर केशरी,फलफूल,नैवेद्य र कुखुरा वा हाँसको फुलहरू राखी पूजा

पाठ गरिन्छ । यसरी  पूजा पाठ गर्दा गाइने गीतले मानिसहरूलाई आनन्दको अनुभव गराउछ । यस्ता गीतहरूले मानिसलाई सर्वोच्चानन्द प्रदान गर्दछ । यस प्रकारको आनन्दको अनुभव विभिन्न रूपका प्रार्थनामूलक धार्मिक गीतहरू, भजन, स्तुति, आरतीहरू, संस्कारहरू र विभिन्न पर्वका उल्लासपूर्ण वातावरणमा गाइने गीतहरूवाट समेत प्रदान  हुन्छ ।

हे ब्रह्ममाा, विष्णु, महेश्वर कोटी कोटी नमस्कार, दिनु दया गरिदिनुहोस् हाम्रो उपकार र पहिलोको चरण देवीदेवताको शरण भनेर देवीदेवतालाई सम्भँदै गाइने भजनमा देवी देवताको प्रार्थना  गरिन्छ । नेपाली भजनमा कृष्ण, दुर्गा ,राम, काली, सम्वन्धि भजन गाइन्छ । त्यस किसिमका भजनहरूमा देवीदेवताहरूको प्रार्थना गरी उनीहरूको चर्चा गरिन्छ । यस्ता प्रार्थना गीतहरू गाउँदा वाद्य वाधन सहित र वाद्य वाधन रहित महिला पुरुष दुवैले गाउँछन् । मीठो लय सरल भाषामा विहान वा बेलुकी यी गीतहरू गाइन्छन् ।

**अ) नेपाली भजन** (**कृष्ण प्रणामी**)

स्रोत व्यक्तिः मुक्तिनाथ तिवारी

परमधाममा कति राम्रो गोल चौतारा
आँगनीमा दुई छन् वृक्ष लाल लहरा

पूर्वपट्टि सातघाट जमुनाजीको छेउ
हृदयको आँखा खोली साथ हेरी देऊ

बीचमा छ पाटघाट दायाँबायाँ तीन
अमृतको वनमहाँ मन भयो लीन

केल, लिवोइ, अनार उत्तरपट्टि छन
वटनारंगी जमुनाजी सातघाट गन

वारिपट्टि अक्षरमा त्यस्तै सातघाट
बट केलका दुई पुल आउने जानेबाट

पुलका महल अति ठूला पाँच तले घर छन्
चाँदनीमा चन्द्रमा टलपल गर्छन्

जमुनाजीको पुलमुनि दश नेहेर कुला
पानी बग्छ हार बनी धार लागी ठूला

दायाँबायाँ किनारमा दुबैपट्टि पाल
जमुनाजी बीचमा छन् होजकोसर ताल

सोरतेर नवदेउरी पश्चिममा झुण्ड
बीतमा छ टापुमहल वरिपरि कुण्ड

वरपिपलको चोक छ कुञ्ज वनमा रेती
धामको वयाल गरौं साथी जान्छ जीवन बिती

पश्चिममा मैदान ठूलो अन्न दूब वन
रंगभूमि चौतारमा पुगीगयो मन

बाहिरी हार मन्दिरको दरबाजा किनार
छ छ हजार मन्दिरको भित्र दुई हार

छ छ हजार थम्भका छन् तिन तिन गल्ली
धामको वयान हृदयमा लिऊ साथी जल्दी

पहिलो चौरस हबेलीमा भान्सा घरको ठाउँ
पाँचमा गोल मूलमिलवा बैठकमा जाऊँ

चौसठ्ठ थम्भ छन् दरबाजा चार
बार हजार सखीहरू बस्छन् तिन हार

हिरा, मणिक रत्न जडित सिंहासनको ज्योति
गलैंचा र चँदुवामा झल्किएको मोति

सिंहासनमा राजश्याम युगल जोडी छन
हामी सबै मिली गरौं आत्मा समर्पण

**आ) नेपाली  राम भजन**

स्रोत व्यक्ति: सकुलप्रसाद पौडेल

हे श्री राम राम भज राम राम
हा राम राम करुणेश्वर भज राम राम

हा राम राम रघुनन्दनम भज राम राम
हा राम राम भवसागर भज राम राम

हे राम राम नररूपधारी भज राम राम
हा राम राम पापीजनको संहारपारी  भज राम राम

**संस्कार गीत**

मानिसको जन्म देखि मृत्यु सम्म विभिन्न संस्कारहरू हुन्छन् । हाम्रो लोक समुदायले विभिन्न संस्कार मनाउँछन् । जन्म, मरण, विवाह, ब्रतबन्ध, न्वारन, छैठी  संस्कार गर्दा नेपाली भाषाभाषी समाजमा विशेष गरी मागल, सगुन तथा फाग गाउने चलन छ । यसरी संस्कारका परिवेशमा गाइने गीतलाई संस्कारगीत भनिन्छ । आ-आफ्नो जातीय संस्कार अनुसार यस्ता गीतहरू गाउने प्रचलन रहेको हुन्छ । जन्म, मरण, विवाह, ब्रतबन्ध, न्वारन, छैठी आदिमा यस्ता संस्कारगीतहरू गाइन्छन् । आफ्नो जातीय संस्कारका सन्दर्भमा नेपाली

लोकजीवनमा गाइने त्यस्ता संस्कार गीत धेरै छन् ,जसमा मागल, फाग, खाँडो, रत्यौली, करात, आशिका पर्दछन् । तल उदाहरणको रूपमा उल्लेख गरिएको छ ।

**अ) संस्कार गीत (रत्यौली गीत) दुलाहा अन्माएपछि गाइने**

स्रोत व्यक्तिः सरिता अधिकारी

दाइ त गए होऽ सुपारी टोक्दै
भाउजू आउँछिन् घुम्टीले मुख छोप्दै.....२

पारिपट्टि होऽ भोगटे पेलेको
दाइको बिहेमा रत्यौली खेलेको.....२

हाम्रो दाइले होऽ लगेको सारी
आज आउने बेहूलीले दाउ पारी

बेहुलाबेहुली होऽ खेल्दै छन् पासा
दुनियाँलाई भैराछ तमासा

पारिपट्टि होऽ घर छायो सेउलाले
लगनगाँठो समायो बेउलाले

हाम्रो दाइले होऽलगेको औंठी
ठूलो भयो भाउजूले के लाउँथी?

**आ) संस्कार गीत (रत्यौली गीत) दुलाहा भित्राउने बेलामा गाइने**

स्रोत व्यक्तिः सरिता अधिकारी

गहुँको पीठो होऽ मुछेर सुवारी
आइ त पुगिन् लच्छिनकी बुहारी

दुलही नानी होऽ तिम्रो मन कस्तो छ ?
हाम्रो भाइ त कृष्णजी जस्तै छ

दुलही नानी होऽ नझार आँसु
आमाभन्दा दयालु छिन् सासू

दुलही नानी होऽ भाग्यको कुरा छ
दुई भाइ छोरा सम्पत्ति पूरा छ २

हाम्रो दाईले होऽ लगेको सुनचुरा
दुलही तिम्लाई पुगेन कुन कुरा २

जेठी दुलही होऽ भएर पसौली
चोटाकोठा गरेर बसौली २

मीठो हुन्छ होऽ माइतीको बासी भात
अर्का घरलाई आफ्नै हो भन्ने जात २

छाडी आयौ होऽ माइतीको घरबार
आइ त पुग्यो स्वामीको दरबार २

छोरीलाई होऽ नगर्नुस् हेला
पछि पछि पर्ने छौ त्यै फेला २

**इ) ब्रतबन्धमा गाइने गीत**

स्रोत व्यक्तिः ऋषिकान्त घिमिरे

मेरा बाबाले  भिक्षा माग्न झोली तुम्बा लियौ ।
बल्ल तल्ल समयको बैरागीको भेषधारी
भिक्षा माग्न हिडि गयौं दशघर डुली ।

भिक्षा दिनुहोस  हे माता पाथी माना भरी ।

अलग भिक्षा दिनुहोस् हे माता पाथी माना भरी ।

**ई) विवाहको अवसरमा गाइनेगीत**

स्रोत व्यक्तिः मुक्तिनाथ तिवारी

गंगाजल निरीमल श्रीरामाको पाऊ ।

धोउन आमा धोउन बाबा श्रीरामको पाऊ ।

हे राम रघुपते म हजुरलाई, गर्छु नमस्कार

मन खुवलगाई ।

संक्षेपले हजुरको गुणगाना गाई

माग्छु म भक्ति दिनुहोस् मलाई

**उ) शुभ कार्यमा गाइनेगीत**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

आकाशकी मेरी दीदी पातलकी बैनी ।

कहिले होला तिम्रो हाम्रो भेट

बाबाज्यूको आँगनमा शुभ जग्गे लाउनन्

आकाशको दिदैलाई सुन लिस्नु लाम्ला ।

पातलकी बैनैलाइ सुनको सिकी दिम्ला ।

बाबाज्यूको आगनमा शुभकार्जेमा

भयो तिम्रो  हाम्रो भेट ।

लोक जीवनले मागलगीतलाई व्यवाहारिक जीवनको शुभकार्यमा गाउँने गरिन्छ । यो मागल महिलाहरूले गाँउछन्  ।

**पर्वमा गाइने गीत**

नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरूनै पर्वगीतहरू हुन् । पर्व गीतहरूमा तीज, गौरा, सराए, मालसिरी, भैलो, देउसी, भुओ, वसन्त र फागुहरू प्रमुख छन् । पर्वगीतहरू त्यस्तै मौसममा गाइने हुन्छन् जस्तैः भाद्रमा तीज आउदा गाइने तीजगीत, असोजमा दशैं आउदा गाइने मालसिरी राग र कार्त्तिकमा तिहारमा गाइने भैलो देउसी त्यस्तै किसिमका गीतहरू पर्वगीतहरू हुन् । तीजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाइ तीजको गीत भनिन्छ । तीजको समयमा प्राय :महिलाहरू माइत जान्छन । माइत

जानेहरूको आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूका व्यथा र मर्महरूलाइ तीजका गीतहरूमा व्यक्त गरिएको हुन्छ । नारी जीवनका मर्महरूको अभिव्यक्ति तीजका गीतहरूमा पाइन्छ । अहिलेका तीजका गीतहरूमा शोषण विरुद्धको नारी विद्रोह र सचेतनाका स्वर पनि सुनिन थालेका छन् । यस्ता गीतहरूमा वाल विवाह र अनमेल विवाहले ल्याइका समस्याहरू, सासूको प्रताडना र थिचोमिचोले जन्माएका पीडाहरूको दुःख र दर्दहरूलाई अभिव्यक्त गरिएको हुन्छ । दशैं लागेपछि नेपालमा मालसिरीको गायन शुरु हुन्छ । मालसिरीमा देवी देवताको प्रार्थना गरिन्छ । नेपाली चाडपर्व मध्ये सवभन्दा मह वपूर्ण चाड दशैंसँग जोडिएकोले यसको व्यापकता रहेको देखिन्छ । तिहारमा भैलो देउसीका गीतहरू गाइन्छन् । लक्ष्मी पूजाको दिन भैलो र त्यसको भोलिपल्ट देउसी गीत गाइन्छ । यसको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु ,केही आर्थिक रकम संकलन गरी कुनै सामाजिक कार्य गर्नु रहेको हुन्छ । यो गीत वालक, वृद्ध,महिला पुरुष सवैले गाउँछन् । तल उदाहरणको रूपमा उल्लेख गरिएको छ ।

**तिहारमा गाइने गीत**

**अ) तिहारमा गाइने भैलो गीत**

स्रोत व्यक्तिः सकुलप्रसाद पौडेल

छाना माथिघिरौला के के दिन्छन् हेरौला ।
हे औंसीतिहारो भाइतिहारो भैलो
हामी त्यसै आएनौ बली राजाले पठाको ।
हे औंसीतिहारो भैलो, हे औंसीताहारो भैलो ।

**आ) तिहारमा गाइने भैलो गीत**

स्रोत व्यक्तिः अनिता पौडेल
अन्जु पौडेल,
रञ्जिता खड्का
रजनी खड्का

भैलिनि आइन आँगन बडारी कुडारी राखन......२
हे औंशीको बारो गाई तिहारो भैलो ।

हरियो गोवरले लिपेको लक्ष्मी पुजा गरेको ....२

हे औंशी बारो गाई तिहारो भैलो ।

हरियो गोबरले लिपेको लक्ष्मी पुजा गरेको.....२
हे औंशीको दिन गाई तिहारो भैलो ।

भैलीनि आइन आँगन बढारी कुडारी राखन
हे औंशीको दिन गाई तिहारो भैलो ।

**आ) देउसी गीत** (**पर्व गीत**)

स्रोत व्यक्तिः सकुलप्रसाद पौडेल

| | |
|---|---|
| हे झिलीमिली | देउसी रे |
| हे के को झिलीमिली | देउसी रे |
| हे बत्तकिो झिलीमिली | देउसी रे |
| हे भन मेरा भाइ हो | देउसी रे |
| हे राम्ररी भन | देउसी रे |
| हे स्वर मिलाइकन | देउसी रे |
| हे केरा काटी खम्बा | देउसी रे |
| हे चार भाइ जम्मा | देउसी रे |
| हे औंशीको रातमा | देउसी रे |
| हे बत्ती छैन साथमा | देउसी रे |
| हे यहाँ मात्रै हैन | देउसी रे |
| हे चौध अञ्चल | देउसी रे |
| हे पचहत्तरै जिल्ला | देउसी रे |
| हे पुग्नु नै पर्छ | देउसी रे |
| हे रातो माटो | देउसी रे |
| हे चिप्लो बाटो | देउसी रे |
| हे लड्दै पड्दै | देउसी रे |
| हे आएका हामी | देउसी रे |
| हे ठूलाबडा घरको | देउसी रे |

हे ठूलै चाला देउसी रे
हे यो घर कत्रो देउसी रे
हे सिंहदरबार जत्रो देउसी रे
हे आँगन हेर्दा देउसी रे
हे टुँडिखेल जत्रो देउसी रे
हे को कति खान्छौ देउसी रे
हे म मागी दिउँला देउसी रे
हे कात्तिको दान देउसी रे
हे धन्दै नमान देउसी रे
हे ल्याउँनै आँटे देउसी रे
हे नाङ्लामा मकै देउसी रे
हे त्यसमाथि थाल देउसी रे
हे थालमा चामल देउसी रे
हे त्यसमाथि दीयो देउसी रे
हे बालेर भाइ हो देउसी रे
हे वरिपरि सबै देउसी रे
हे हात्तीगैंडा मात्रै देउसी रे
हे देख्यौ त भाइ हो देउसी रे
हे ठूलाबडा घरको देउसी रे
हे ठूलै हुन्छ चाला देउसी रे
हे इज्जतै जाला देउसी रे
हे बेइज्जतै होला देउसी रे
हे संस्कृति हाम्रो देउसी रे
हे कति छ राम्रो देउसी रे
हे अन्नपात बढोस् देउसी रे
हे हिरा र मोती देउसी रे
हे जै जुहारात देउसी रे
हे सुन र चाँदी देउसी रे

हे तामो र पित्तल देउसी रे

हे माटो सरी ओइरुन् देउसी रे

**अर्को किसिमको आषिक गीत**

हे यसपाली आउँदा देउसी रे

हे खरको छानो देउसी रे

हे आघौं आउँदा देउसी रे

हे जस्ताको छानो देउसी रे

हे परागाउँ आउँदा देउसी रे

हे सुनको छानो देउसी रे

हे यसपाली आउँदा देउसी रे

हे एउटा भैंसी देउसी रे

हे आघौं आउँदा देउसी रे

हे दुई ओटा भैंसी देउसी रे

हे परागाउँ आउँदा देउसी रे

हे गोठभरि भैंसी देउसी रे

हे भइमा जाऊन् देउसी रे

हे देउसेको आशीष देउसी रे

हे लागीमा जाओस् देउसी रे

**इ) पर्व गीत (तीज गीत)**

स्रोत व्यक्तिः सरिता अधिकारी

तीजको बेलामा सबै जान्छन् माइत
आफ्नो माइती मण्डन पारी छैन साइत...२

तीजको बेलामा बाबा आए लिनलाई
पठाई दिनुस् स्वामी राजा दुवै दिनलाई...२

तीजको बेलामा सबै जान्छन् मेलामा
म छोरीका आँसु झर्‍यो दैला ठेलामा...२

तीजको बेलामा बाबा लिन आउनुभो
ससुरा र सासूले वचन लाउनुभो...२
तिमी माइत गयौ भने कसले काम गर्नेछ
घरमा भाको लैनो भैंसी यसै मर्नेछ...२

छिट्टै गरी आउ है छोरी भन्नुभाथ्यो आमाले
माइत जान पाइन म त घरको कामले...२

डाँडापाखा सेतै भयो सिमलुको भुवाले
एउटी छोरी पाल्या भए हुन्थ्यो बुबाले...२

दाजुभाइ अंश लिन्छन् चार किल्ला ठोकेर
म छोरीचाहिँ हिंड्नुपर्ने डोको बोकेर...२
आँगनीको छेउ पनि बिस्कुन हाल्न चाहिन्छ
जाऊ छोरी आफ्नै घर अंश पाइन्छ...२

**कर्मगीत (श्रमगीत)**

कर्मगीतलाई श्रमिकगीत पनि भनिन्छ । घैया, मकै गोड्दा, धान रोप्दा गाइने गीतहरू वा अरु कुनै शारीरिक श्रम गर्दा गाईने गीतलाइ कर्मगीत वा श्रमगीत भनिन्छ । कर्म गीतमा धाइ, गोडेलो, वाली, रोपाइ र दाँइ गीतहरू पर्दछन् । खासगरी नारी समाजमा सामूहिक स्वर लहरीले श्रमगीतको नाम लिएका हुन्छन् तापनी यसमा पुरुष वर्गको सहभागिता पनि हुन्छ । पूर्वी पहाडमा प्रचलित "लहरी लाली माई" गीत चैत्र वैशाखमा मकै गोड्दा कोदालो नचाउँदै गाउने सामूहिक गीत हो । मध्य पहाडी क्षेत्रमा मकै अथवा घैया गोड्दा "गोडेलो" गाउँछन् । यस अन्तर्गत केही फुटकर गीत र केही गाथाहरू पनि गाइन्छ । असार लागे पछि असारे सुरु हुन्छ । असार महिनामा गाइने र असार महिनाको वर्णन भएको गीतलाई असारे गीत भनिन्छ ।

त्यसरी नै असारमा धान रोप्दा पनि गीत गाइन्छ । यसलाई असारे गीत भनिन्छ । भाकाको हिसाबले असारे गीत र भ्याउरेको अक्षरसंख्या उस्तै भएपनि असारमा विस्तारै गाइने हुँदा यो छुट्टै भाका भएजस्तो लाग्छ । खास गरेर रोपाइँका समयमा गाइने भएकाले

यस्ता असारे गीत “रोपाइँ गीत”का रूपामा पनि प्रचलित छन् । अघि असारका दिनमा काम गर्दा केन्द्रीय नेपालको  नारी समुदायमा “ओहाली” गाउने पनि चलन थियो । ओहाली गीत एक प्रकारको गाथा हो ।

मङ्सिरमा धान काटेर खलामा फिँजारी  मियामा बाँधेका गोरु दाउँदा गाइने गीतलाइ “दाइँ गीत” भनिन्५ । असारे गीतजस्तै दाइँगीत लाई पनि कर्मगीत भनिन्छ । यसलाई राशिगीत पनि भनिन्छ । मंसिरमा दाइँ हाल्दा धानको राश धेरै होस् भन्ने आशिष दाइँ माड्ने गोरुसँग माग्ने भएकोले राशिगीत भनिएको हो । दाइँ गरी सकेपछि चुलिएको धानको राशलाई धुप हालेर देवी देवताको पुकारा गर्दै सह मागिन्छ । दाइँ गीतमा खेत जोतेर अन्न उब्जाउने गोरुहरू प्रति आत्मीयता र कृतज्ञताका भाव प्रकट गरिएको हुन्छ  र धानका रासले भकारी भरियोस भनी कामना गरिएको गीत तल उल्लेखित छ ।

**घैया मकै गोड्दा गाउने गीत**

स्रोत व्यक्तिः मुक्तिनाथ तिवारी

अ) घैया मकै कुटाले गोड्दिन
यो मायालाई वित्ताभर छोड् दिन ।
खानि भए खाऊ पानी सारेर ।
जानीभए जाउ माया माया मारेर ।

आ) अलहै मेरो लालीमाई, लहरी लाली माई ।
गैरीबारी दुबोझार, खेताला लाउने सुविदार
माले गोरु बहर,गरचौ राजै रहर ।
लहै मेरो लालीमाई, लहरी लाली माई ।
अक्षताले पर्सन ,गरचो राजै दर्शन ।
लहै मेरो लालीमाई, लहरी लाली माई ।

**इ) श्रम गीत (रोपाईंमा गाइने)**

स्रोत व्यक्तिः सुकुमान तामाङ

ठूल्दाइ त आए झिल्के मोटर लेर ऽऽ
सान्दाइ आए कार लेर ऽऽऽ
गैरी खेतको रोपाई आउनु होला तपाईं

लड्नु होला चिप्लेर ऽऽऽ
छुपुमा छुपु रोपौंला है धान
यही हातको बीऊ छउञ्जेल ऽऽऽ
राम्रैमा लाउँला मीठैमा खाउँला
बाउ आमाको जीऊ छउञ्जेल ऽऽऽ

पानीमा पर्‍यो लौ है रिमीझिमी
त्यो भदौरे तोरीलाई ऽऽऽ
पराइको घरमा जानुपर्ने रैछ
नदेऊ जन्म छोरीलाई ऽऽ

इन्द्रावती खोला उर्ली आयो हेर
बगाई लग्यो गेगरु ऽऽऽ
बारी त रुखो मलजल गरे हुन्थ्यो
कर्मै रुखो के गरुँ ?  ऽऽऽ

असारे मासको त्यो दबदबे हिलो
छुन मलाई घिन लाग्यो ऽऽ
पातली नानीलाई फरिया किन्दा
बाह्रबिस रिन लाग्यो ऽऽऽ

चरमा चर लौ चरचरी चिर्ने
त्यो हरियो खुर्सानी ऽऽऽ
दुई चारमा चरण गाउँ त भने पनि
शिरमा लाठो बर्सने ऽऽऽ

### उ) दाँई गीत

स्रोत व्यक्ति: ऋषिकान्त घिमिरे

हो बरादो हो, हो बरादो हो बरादोको लामा लामा कान
ल्याइदेउन बरादो खलाभरिधान हो हो
बिसमुरी झरुवा त बाह्रबिस राश
हाम्रा बरादोको बैकुण्ठको बास हो बरादो हो
मियाको टुप्पामा बसिहाल्या कोईली
आजको  दाँयोरोलाई घिउको चोईली हो हो बरादो हो
बरादोको लामा लामा कान ल्याइदेउन बरादो खलाभरिधान हो हो ।

### आधुनिक लोकलय मिश्रित गीत

लोकगीत गाउँने क्रममा सो ठाउँमा अहिलेको बदलिदो परिवेश अनुसार आधुनिक गीत लोक लय मिश्रित गीतहरू पनि गाउन थालिएका छन् । त्यस किसिमका गीतहरूमा आधुनिक गीत लोक लय मिश्रित गीत, आधुनिक सचेतना युक्त गीत, संयुक्त गीत (लोक लयमा आधारित) गीतहरू धैरै समुदायका जनजीवनले गीत गाउँदा आफूले भोगको समाजका चाल चलन अनुसार उनीहरूलाई परेका पीर व्यथा अवस्था झल्कने किसिमका पीर व्यथा युक्त गीतहरू पनि गाइन्छन् । यस किसिकमका गीत कुनै पर्व विशेषमा पनि गाइन्छ । यस्ता गीतहरू एकजनाले मात्र वा सामूहिक रूपले महिला पुरुष दुवैले गाइन्छ । स्वर लय सरस र मीठो किसिमको हुन्छ । वाद्य वादन कुनै गीतमा प्रयोग हुन्छ कुनैमा हुँदैन । यस किसिमका गीतमा काँठे भाकाको प्रयोग हुन्छ । यस्ता किसिमका नारी सम्वन्धि गीतमा नारी सचेतना युक्त गीतमा नारीका अवस्थालाई वर्णन गरिएको हुन्छ । नारी सचेत हौं है पुरुष वर्गले तिमीलाई अलपत्र पार्न सक्छ है भनिएको हुन्छ ।

### आधुनिक गीत    लोक लय मिश्रित

स्रोत व्यक्ति: सविना शर्मा अधिकारी

विदेश जाने दाई तिम्लाई सम्झेर ......२
वहिनी रुन्छिन फूलमाला गाँसेर
फर्कन छिटै स्वदेशमा
छैन गौरव मरेर विदेशमा........२

कुटो कैंचि छदैछ नेपालमा ......२
तिमी रगत नवगाउ विदेशमा
त्यो रगत देशलाइ खाँचो छ
फर्क स्वदेश यही छ सन्देश.......२

बुढी आमा रुदैछिन दिन दिन.....२
बुढा बाबा गल्दैछन दिन दिन
तिम्लाई नै सम्झेर
फर्क स्वदेश यही छ सन्देश.......२

गाउँ घर नविर्स त्यसरी ......२
तिमी विना वाँच्ने हो कसरी
मेरो दाई विन्ति स्विकारी
फर्क स्वदेश यही छ सन्देश.....२

विदेश जाने दाई तिम्लाई सम्झेर ......२
वहिनी रुन्छिन फूलमाला गाँसेर
फर्कन छिटै स्वदेशमा
छैन गौरव मरेर विदेशमा........२

**आधुनिक सचेतना युक्त गीत**

स्रोत व्यक्तिः अनिता पौडेल
अन्जु पौडेल,
रञ्जिता खड्का
रजनी खड्का

महिला हिंसा छोड दिनुस दाजुभाइ
लाग्ला आँसु महिलाको सवैलाई......२

विदेश लाने दलाले पैसा पोको पार्छन्
नारीलाई विदेश लगि अलपत्र पार्छन् ।

दुःख पाई रोइ कराई सास फेरिकन
रुन्छ होला ती नानकिो धुरुधुरु मन

महिला हिंसा छोड दिनुस दाजुभाइ
लाग्ला आँसु महिलाको सवैलाई......२

घरका काम ढीकी जाँतो पानी पँधेरामा
श्रीमानको झर्को फर्को मुख अँधेरोमा

जाड रक्सी खाइकन कुट्ने हो की डर
भन्ने साप ती नानीको नलिनु है बर

महिला हिंसा छोड दिनुस दाजुभाइ
लाग्ला आँसु महिलाको सवैलाई......२

केटी मरे केटाहरू अर्को बिहे गर्ने
केटा मरे केटीहरू विधुवा हुनु पर्ने....२

महिला हिंसा छोड दिनुस दाजुभाइ
लाग्ला आँसु महिलाको सवैलाई......२

**संयुक्त गीत**

स्रोत व्यक्तिः अनिता पौडेल
अन्जु पौडेल,
रञ्जिता खड्का
रजनी खड्का

जाइ फूलको वासना नवोलेनी हाँसी राखन
तिम्रो घर त्यही तल हैन तिम्लाई मैले चिनेको छैन र
जाइ फूलको बासना नवोलेनी हाँसी राखन

तिमी कहाँको म खानी खोलाको
लाउँकी माया भनेर वोलाको
जाइ फूलको वासना नवोलेनी हाँसी राखन

पारीवाट को आयो निहुरेर
कालो कपाल रातो फूल सिउरेर
जाइ फूलको वासना नवोलेनी हाँसी राखन....२
पारीपट्टी घास काट्ने कमला
बोलाउ भने मुखैमा अमला
जाइ फूलको वासना नवोलेनी हाँसी राखन....२

त्यस समुदायका जनजीवनले गीत गाउदा आफुले भोगेका समाजका चाल चलन अनुसार उनीहरूलाई परेका पीर व्यथाको अवस्था झल्कने किसिमका गीतहरूको पनि त्यहाँ देखियो । ती गीतहरू निम्नानुसार छन् ।

**पीर व्यथाका लोक गीत**

स्रोत व्यक्तिः खड्गकुमारी रेग्मी

अ) म जन्त गैथें यो सिँगे खोलामा
फर्केर ढाँइटार आए ऽ

भुटेका मकै ती काला भटमास
साँधेर गुन्द्रुक खाए ऽऽ

बाकलोक बिके हरिको गर्छु तयारी भनि ऽ
मन भयो यो भरिपूर्णको देउताहरूले पनि ऽ
मेरो दिन दशा हटाइ दिनुस औतार भनेको पनि ऽऽ

मदरा हिरण्य कश्यपु गोकर्णेश्वरीमा हेर कौरब नाँचेको ऽ
यो फौजनी हेर्नुस हाम्ले पनि हेरौ तिम्ले कम्मर भाँचेको ऽ ऽ

गण्डकी सलल म माथि हिमाल चुली
मेरो बालापनलाइ कल्ले किनिदियो नाकमाथि झम्के फूली ऽ ऽ

मेरो उधो बोलिदिने कोही छैन
भातै पाक्यो तिउन के मा बसालु
सबै शत्रु के आँसु खसालु ऽऽऽ

बाचुन जेली देखेन तिर्खा भोक मरेपछि के लान्छन् स्वर्ग रोग
घर गए रिस गर्छ डल्ले पोई
कल्ले कमाई गर्छ र खानु खोई

स्रोत व्यक्तिः खड्गकुमारी रेग्मी

आ) कसको छ र डर १६ वर्षे गइ सक्यो उमेर
तिम्रै छेउमा आउँदै छु घुमेर....२

सुपारी काटेर छरियो
धेरै स्वास्नी ल्याउनेलाइ परियो....२

सुख मलाइ भएन रति
भयो दु:ख भनेर रोउ कति

तिमी हामी जौउँ उँदै उँदै
कहिले रुदै कहिले मन बुझाउँदै...२

**परम्परागत गीत**

लोकगीत परम्परागत गीत हो । त्यो परम्परा निकै पुरानो पनि हुन सक्छ र केही समय अघिको पनि हुन सक्छ । लोकगीतको विषयवस्तु, शैली  र प्रस्तुती करणमा परम्परागत विशेषता पाइन्छ । यो अनादिकालदेखि हस्तान्तरित हुँदै आएको छ । लोकगीतहरू समाजमा मौखिक परम्परामा हस्तान्तरित भएका हुन्छन् । यी गीतहरूमा नित्य परिवर्तन भइरहन्छ । एउटाले गाएको सुनेर अर्काले गाउँदा व्यक्ति-व्यक्ति , ठाउँ-ठाउँ र समयमा अन्तर हुनु स्वाभाविकै हो तर लिखित रूपमा प्रस्तुत गीतहरूमा त्यस्तो भिन्नता हुँदैन ।  त्यस स्थानको लोक संस्कृतिको दायरा ज्यादै फराकिलो रहेकोमा त्यहाँको पहिचाँहन गराउने किसिमका परम्परागत गीतहरू निम्नानुसार रहेका छन् ।

स्रोत व्यक्तिः खड्गकुमारी रेग्मी

पलाञ्चोकी माईकी दिदी शिखरपुरमा धान खोज्नी ऽ ऽ ...२
बोलाउँदा पनि न त वोली हिड्छे जर्नेलको जस्तो मान खोज्नी ऽऽऽ ...२

हात काट्यो चालिसे चुराले
माया फाट्यो गाउँ घरका  कुराले

तिम्रो हाम्रो घर सँगै पार्नलाइ
कहिले आउँत घडेरी खार्नलाई

यो डाँडो नभए हुन्थ्यो
तिम्ले हाम्ले बोलेको सुनिन्थ्यो

ममी तिमी नमान पीर वाधा
लड्यो मोटर चाइनाको भीरवाट

पलाञ्चोके पानीलाइ तेल भन्छन्

ढुंगा बोक्ने टडकलाई रेल भन्छन

**मनोरञ्जन प्रदान गर्ने बाह्रमासे गीत (झ्याउरे)**

बाह्रै महिनामा गाइने नेपाली भाषाको सवभन्दा लोकप्रिय र मनोरञ्जन प्रधान गीतको नाम झ्याउरे हो । झ्याउरे गीतको साथ मादलको तालमा झ्याउरे नाच पनि नाचिन्छ । निश्चित कार्य सँग सम्बद्ध नभएको सवै जसो मनोरञ्जन प्रधान गीतलाई झ्याउरे भनिन्छ । बाह्रै महिना गाइने भएतापनि झ्याउरे गीतहरू काममा जाँदा, कामबाट फुर्सत पाएको वेलामा र चाडपर्वहरूमा भेला हुँदा गाइन्छ । अन्य गीतहरू गाएका बेलामा पनि बीच बीचमा मनोरञ्जनका निम्ति झ्याउरे गाएको सुनिन्छ । मादलको तालमा एक्लै वा दोहोरीका रूपमा महिला पुरुष दुवैले छोटो वा लामो भाकामा गाउँछन् । लोकजीवनले रचना गरेर यी गीतहरू कुनै पनि महिनाको कुनै पनि बेला मनोरञ्जनका रूपमा गाइन्छन् । यसरी गाउँने गीतमा पर्व, मेला, जात्रा र कुनै काम गर्दाका समयमा मनोरञ्जन प्रदान गर्ने गीतहरू अत्याधिक मात्रामा प्रचलित रहेका छन् । यस किसिमका गीतहरू काँठे भाकामा गाएका पाइयो । ती निम्नानुसार छन् ।

स्रोत व्यक्तिः बालकृष्ण खड्का

अ) चिठी न पत्र भयो मैना सत्र देशमा जानी राजालाई ऽ !

हे फेरी फेरी आउँला यस्तै माया लाउँला विदा हु त आजलाई ऽऽऽ

कदमको छायाँ सुनेयौ सानुमाया विदा हु है आजलाई ऽऽऽ

हे एकै र मुठी हे चिरीको साग नरम तेलमा तारेर ऽ !

हे आलुलाई वोडी जानै लाग्यौ छोडी नरम तेलमा तारेर ऽ !

हे फलामे ताप्के जाने भए जाउ के कालेलाई पुरपार पारेर ऽऽऽ

हे मसला मर्म पुग्ला तिम्लाई धर्म कालालाई पुरपार पारेर ऽऽऽ

हे वरि र परि हो चपचपे चन्दन लाउँ माझैमा रचन ऽऽऽ

हे सनु दन्ते पार्नै लाग्यौ अन्ते हो माझैमा रचन ऽऽऽ

हे किन गर्‍यौ हेला यो छुटिने बेला हरे कस्तो वचन ऽऽऽ

फेरी फेरी आउँला यस्तै माया लाउँला हरे कस्तो वचन ऽऽऽ

स्रोत व्यक्तिः बालकृष्ण खड्का

आ) त्यै बाँस हो गुलेली खै के गाउँ चरीलाई ताक्छर ऽऽऽ

ए हेरन हेर नलाएको टेर चरी माउँलाई ताक्छर ऽऽऽ

हे राजाको भान्छे तिमी अर्काको मान्छे देखेर के काम लाग्छ र ऽऽऽ

हे रुन्छु घुक्क घुक्क परी रैथे ढुक्क  देखेर के काम लाग्छ र ऽऽऽ

हे वरि र परि हो छपछपे चन्दन माझैमा केसरी ऽऽऽ

हे काँकरी विया त हो मेरो माया त्यहाँ हो माझैमा केसरी ऽऽऽ

हे कुनै दिन खर खाँचामा तेलको धुपै हाल्नु पर्छ नभन त्यसरी ऽऽऽ

हे भनौ भने कस्तो वचन लाको जस्तो नभौन त्यसरी ऽऽऽ

स्रोत व्यक्तिः सकुलप्रसाद पौडेल

इ) हिमालमा घाम अस्ते अस्ते.... २

दाजुभाइ सबैलाई नमस्ते .... २

आकाशमा चिल घुम्यो फनन.... २

मेरो माया घर कहाँ भनन..... २

घाँसै काट्ने दुई खोला खोजेर..... २

एउटी लैजौ दुइटीमा रोजेर.... २

लाने भए सीतालाई लैजाउ.... २

दिन्न म त गोपीनी बहिनीलाई.... २

तपतप रुखको तपनि..... २

तिमी विना बस्दिन मपनि.... २

कालो कपाल बुलबुले अल्का..... २

लाग्छ मलाई तिम्रै पो झझल्का.... २

जान्छु मात्र भनन बाटुला.... २
रेलको भाडा कम्पनी साटुला.... २

तिमले पनि दुई चुल्ठा बाटेको..... २
मैले पनि लैजानै आँटेको..... २

घैया मकै कुटोले गोड्दिन..... २
यो मायालाई वित्ता भर छोड्दिन.... २

धानको बाला आलीमा छोटो छ.... २
मै मरेपनि झ्याल माथि फोटो छ.... २

हिमालमा घाम अस्ते अस्ते ...२
दाजुभाइ सबैलाई नमस्ते..... २

**सेलो गीत**

सेलो मध्य पहाडी क्षेत्रमा बस्ने तामाङहरूको सामजमा प्रचलित नृत्य गीत हो । यो गीत गाउँदा तामाङहरू डम्फू वजाउँदै नाच्छन् । यसै कारण यसलाई तामाङ सेलो वा डम्फू गीत पनि भनिन्छ । यो गीत नेपालीका साथै तामाङ भाषामा पनि गाइन्छ । यसमा सात देखि नौ अक्षरसम्मका छोटा छोटा चरनहरू हुन्छन् र बीचबीचमा थेगाहरूको प्रयोग हुन्छ । नृत्य, बाजा र गीतको संयोजनका साथै मनोरञ्जन मूलक गर्दा सेलो गीत लोकको प्रेमपूर्ण अभिव्यक्तिले गर्दा सेलो गीतको लोक प्रियता बढेको छ । सेलोलाई भोटे सेलो वा डम्फू गीत पनि भनिन्छ । यस स्थानमा वसोवास गर्ने तामाङ समुदायका व्यक्तिहरूल सेलो गीत नेपाली भाषा र तामाङ भाषा मा गाउँने गरेको पाइयो । उक्त गीतहरू निम्नानुसार छन् ।

**सेलो गीत**

स्रोत व्यक्तिः सुकुमान तामाङ

हो..हो..हो............
सम्झना मायाको लास्सो
हेलम्बुको बजारमा
माया बस्यो याङजीको मुहारमा....२
के गरुँ के गरुँ?
मन भयो मेरो दोधारमा....२

कोदोको ढिंडो खाएको
अचार जिरे खुर्सानी
डम्फुको तालमा नाँचेको
झलझली देख्छु मैच्याङ् नि
माया पो हो कि मोहनी हो
छुट्याउन मलाई गाह्रो भो
हेलम्बुको बजारमा
माया बस्यो याङजीको मुहारमा....२
तातोपानी खासाको वजारमा
माया बस्यो याङजीको मुहारमा
के गरुँ के गरुँ?
मन भयो मेरो दोधारमा....२

स्रोत व्यक्तिः सुकुमान तामाङ

सेलो गीत (तामाङ जातिमा प्रचलित)
टुङना र डम्फु बजाउँदै
च्याङ्वाले मन चोरेछ
लुमलुम नाँचु नाँचु न
सुटुक्कै साइनो जोडेछ

चौंरीमा गाई गोठालो
गर्दै नजिक भएको
सैलुङको गुम्बा साक्षी छ
हामीले पिरती लाएको

टुङना र डम्फु बजाउँदै
च्याङ्वाले मन चोरेछ
लुमलुम नाँचु नाँचु न
सुटुक्कै साइनो जोडेछ
टुङना र डम्फु बजाउँदै

बाटोमा कुरी बसेथें
च्याङबा आउने दिनको
ऐंसेलु खर्क फुलियो
भेटघाट एकै छिनको
टुङना र डम्फु........................

**ख्याली गीत**

हाँसखेलका रूपमा व्यक्त हुने युवायुवतीहरूको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली भनिन्छ । ख्याली विशेष गरी भेरी, गण्डकी र लुम्बिनी अञ्चलमा प्रचलित छ । छोटा, सरस अभिव्यक्तिलाई चुड्के ख्याली भनिन्छ र यो भक्ति प्रधान चुड्के भजनको शैली सँग मिल्छ तापनि यसको विषय वस्तु आमोद प्रमोद र प्रेम नै हुन्छ । चुड्के ख्यालीका दुई चरन मध्ये पहिलोमा छ मात्रा र दोस्रोमा सात मात्रा हुन्छन् । काभ्रे जिल्लामा बसोबास गर्ने पहरीहरू आफ्ना परम्परा संस्कृती पहिचाहन गराउन दसैं आउनु भन्दा अगाडी देखि नै उनीहरूको समुदायमा प्रचलित गीतहरू ख्याली गीत गाउँदै नाचगान गरी केहि आर्थिक संकलन गर्ने परम्परा रहेको पाइन्छ ।

**ख्याली गीतहरू**

स्रोत व्यक्तिः श्याम पहरी

अ) सडकबाट हिड्दिन कहिलेनी

आफ्नो ज्यानको ख्याल गर्नु जहिलेनी

लाकुरी बोट मुनि तर्कि नजाउ बैगुनी.....२

गति मति विग्रेछ मोटी

अब पनि गछर्यौ कि त्यो बिधि

लाकुरी बोट मुनि तर्कि तर्कि नजाउ बैगुनी

स्रोत व्यक्तिः कान्छा पहरी

आ) फूल रैछ मखमली भुली रह्यो भमरा...२

रसै छैन हो रसै छैन

यो ठाउँ मै वासै छैन सय र सपनीमा फूलै लाउँला

स्रोत व्यक्तिः कान्छा पहरी

इ) हाम्लाई मिठै खान मिठै खान पर्ने घिउमा भुरी भुानेर ऽऽऽ

भनेको कुरो मन लागेन भने हो मान्दैनौ भने आजै लान्छु तानेर ऽऽऽ

खानै खाइसो तिम्रो दुई वहिनीलाई आजै लान्छु तानेर ऽऽऽ

जान्छु मात्र नभनेरै मात्रै आजै लान्छु तानेर ऽऽऽ

स्रोत व्यक्तिः श्याम पहरी

ई) काठमाण्डु जाँदा फर्कि पनि आउँदा वासै प/यो हो ठिमीमा

वासै प/यो हो ठिमीमा

हंस उडी इन्द्रशन मोती रह्यो होजीमीमा

हंस उडी इन्द्रशन मोती रह्यो होजीमीमा

**बालुन गीत**

नेपालको मध्य पहाडी भागमा वस्ने बाहुन क्षेत्रीहरूको समाजमा प्रचलित वालुन एक प्रकारको नृत्य गाथा हो । यसमा रामायण र महाभारत कथाहरूको प्रदर्शन हुन्छ । नृत्य, अभिनय र लयात्मक संवादका साथ पुरुषहरूद्वारा प्रस्तुत गरिने बालुनको प्रदर्शन कुनै धार्मिक अनुष्ठान, गृह प्रवेश वा संस्कारको अवसर पारी विशेष गरी शुक्लपक्षको रात्रि

(उज्यालो रात) मा गरिन्छ । घरको फराकिलो आँगनलाइ सफा गरेर लिपी बालुन खेल्नका लागि तयार गरिन्छ  र बालनेहरूलाई आराम गर्नका लागि खाटमा गुँदरी र काम्लो राखिन्छ । बालुनको नृत्य गर्ने बालनेहरू सेतो दौरा सुरुवाल लगाई सेतो पटुका बाँधेका हुन्छन्  सेतै फेटा वाँधेका हुन्छन् । सामान्य रूपमा ४-४ जनाको दुई डफ्फा गरी ८ जनाको समूह हुन्छ । यिनका बीचमा कम्तीमा १-१ जना सिपालु र बालुनको कथालाई लयात्मक  रूपमा प्रस्तुत गर्न सक्ने नाईके हुनु पर्दछ । यस कारण बालुन नाचमा प्राय:प्रौढहरू हुन्छन । काभ्रे जिल्लामा बसोबास गर्ने केही व्यक्तिहरूले आफ्ना परम्परा संस्कृती  पहिचाहन गराउन दसैं, सप्ताह, पुजा पाठ आदिमा उनीहरूको समुदायमा प्रचलित बालन भजन गीतहरू गाउने गरेको पाइयो ।

**बालुन गीत**

स्रोत व्यक्ति: बालकृष्ण खड्का

हे हर्छु जताततै लौ देख्दिन कतै कता गयौं राधिका ऽऽऽ
हे विर्से बिर्सी जाने सम्झी मुटु खाने कता गयौ राधिका ऽऽऽ

हे श्री सीतामाई लाई हो हरेर लाने लङ्का गढको रामुन्ने ऽऽऽ
हे काँकरी यिबा त मेरो कृष्ण त्यहाँ त लङ्का गढको रामुन्ने ऽऽऽ

हे कस्का बाउँको हो र आउन अलि वर देखेनौर सामुन्ने ऽऽऽ
हेर्छु जताततै लौ देख्दिन कतै देखेनौ त सामुन्ने ऽऽऽ

**बाल गीत**

बालबालिकाहरूले खेल्दा दशै आउँदाको समयमा विभिन्न किसिमका बालगीतहरू गाउँछन् । बालबालिकाहरूलाई घरमा स्याहार गर्ने आमा वा अन्य कुनै व्यक्तिले बच्चाहरूलाई तेल लगाउँदा, खेलाउँदा, सुताउँदा गाउँने गीतलाई बालगीत भनिन्छ । यी गीतहरू छोटा र सरस युक्त हुन्छन् । बालबालिका, महिला पुरुष दुवैले यस किसिमका गीतहरू गाउँछन् । यहाँका समुदायका बालबालिकाले विभिन्न किसिमका बालगीत गाउँने गरको पाइयो ।

**बाल गीत (खेल गीत)**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

एउटा साथी जंगलमा
रोई रोई बसेछ
उठ न उठ साथी उठ न
चार फन्का घुम न
आकाशतिर हेर न
आफ्नो साथीलाई चिन न

**इन्टु मिन्टु रन्जन दाइ**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

हाम्रो भाइ स्कुलमा
स्कुलको पाले दाइ
पहिलो घण्टी बजाइदेउ
टिनिनिनिनिनिनिनि झ्याप्

**चिं मुसी चि, मुसाले खायो धान**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

धान खाने मुसाको, उखेल्देउ न कान
तिम्रा बा हाम्रा बा, माछा मार्न गए
माछा मारी ल्याए ढंगामा सुकाए
चिलले मासु लग्यो, हा..हा..हा..

**बाल गीत (खेलाउँदा गाइने)**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

आइज चरी काटौं कान, लैजा चरी गोसाईंथान
चरीको मासु चाम्रो छ, हाम्रो नानी राम्रो छ

**बाल गीत (तेल लगाईदिंदा गाइने)**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

तप तप तेल, मामाघरको सेल
दर्मं घर बाजा, काँईंकोरी गरेर

मोटरमा चढेर, मामाघर जाउँला

चिचिपापा खाउँला, अनि घर आउँला

**बाल गीत (दशैंका बेलामा गाइने)**

स्रोत व्यक्तिः राज्यश्वरी थापा

दशैं आयो, खाउँला पिउँला, कहाँ पाउँला?

चोरी ल्याउँला, धत् ! पापी म त, छुट्टै बसौंला

नेपाल साँस्कृतिक, जातीय, भाषिक विविधता युक्त एक समृद्ध देश हो । यहाँका यस्ता विविधताका कारण नै विश्वमा यसको छुट्टै पहिचान रहेको छ । ग्रामीण समाजको बाहुल्यता रहेको यस देशका कुना कन्दराहरूमा खोज्दै जाने हो भने त अझै बहुमूल्य लोकसंस्कृति लुकिरहेका होलान् । लोक संस्कृतिको दायरा ज्यादै फराकिलो छ । यसै अन्तर्गत लोकगीतले पनि आफ्नो स्थान ओगटेकोछ । नेपाली समाजमा संस्कृति फरक फरक छन् । यस्तै काभ्रे जिल्लाको पूर्व उत्तरतिर पूर्व दिशामा पर्ने भगवती पाँचखाल न.पा. वडा नं. १ ६ (साविक साठीघर भगवती गा.वि.स.) अन्तर्गत विभिन्न क्षेत्र भित्र गाउँहरू रहेको छन् जस्तैः साठीघर गैरी गाँउ, डाडागाँउ, चिसापानी, भेटवालथोक र चारपिपल गाँउ, धन्द्रेखाला आदिमा विभिन्न जन-जातीहरूको आफ्नै संस्कृती रितीरिवाज अनुसार सुख, दुःख, हर्ष, विस्मत, मेला, पर्व, जात्रा, तमासा आदिमा गाउँने गीतलाई लोकगीत भनिन्छ । केही लोकगीतहरू ओझेलमा रहेका केही लोकगीतहरूको खोजी गरी उजागर गर्ने जमर्को यस अध्ययन मार्फत गरिएको छ ।

## २.४ लोकगीतहरूको प्रस्तुती र विश्लेषण

नेपालको राजधानी देखि पूर्व उत्तरमा काभ्रेपलाञ्चोक जिल्ला पर्छ । काभ्रेपलाञ्चोक जिल्लाबाट पूर्व पाँचखाल, लामीडाँडा हुँदै पूर्व तर्फ शिखरपुर, होक्से, चाँपकोडाँडोको जनजङगल हुँदै माथिडाँडामा पलाञ्चोक भगवतीको मन्दिर अवस्थित रहेको छ । भगवती मन्दिर भएकोले पलाञ्चोक जगतजननी भगवती तिर्थस्थलको नामले प्रसिद्ध रहेको छ । नेपाली लोकजीवनले रचना गरेर सुख, दुःख, हर्ष, विस्मत, मेला, पर्व, जात्रा, तमासा आदिमा गाउँने गीतलाई लोकगीत भनिन्छ । काम बिशेषमा देवीदेवताको आरधाना गरेर मङ्गलको कामना गर्दै पनि यस्ता गीतहरू गाइन्छन् । यस अध्ययन पत्रमा यस क्षेत्रमा गाईने लोकगीतहरूको ब्याख्या तथा विश्लेषण गर्ने प्रयास गरेकी छु ।

यस स्थानमा नेपालमा प्रचलित विभिन्न किसिमका लोकगीतहरू मध्ये  धार्मिक गीत, संस्कारगीत, परम्परागत गीत, पीरव्यथाका गीत, सेलो गीत, मनोरञ्ज गीत, बालगीत, ख्याली गीत, आधुनिक सचेतनायुक्त गीतहरू  प्रचलित रहेको पाइयो । यस किसिमका गीतहरू गाउदा हारमोनियम, तबला, बासुरी वजाएर महिला पुरुष दुवैले एकल र समूह दुवै मार्फत,त्यहाँको परम्परा झल्कने किसिमका गीत, संस्कृत, झर्रा नेपाली शब्दको  प्रयोग गरी शुद्ध गायन मार्फत व्यक्ति विशेषका आन्तरिक मनका भावनाहरू पोखिने, भित्री मनको पीडा, वेदना, हर्षलाई विषय बनाएर गीतहरू गाइएको पाइयो । यहाँ गाइने गीतहरूमा करुणरसप्रधान,हास्यरसप्रधान,वीररस प्रधान रस प्रयोग भएको पाइयो । पोशाकमा नेपाली पोशाक दौरा ,सुरुवाल, कोट, टोपी, चौवन्दी चोलो, कुर्ता सलवार, धोती आदि लगाएको पाइयो । ती गीतहरू मार्फत समाजका मानिसहरूलाई आनन्दको अनुभव गर्नु र गराउनु हो । गीत गाउदा लोकमानसको अभिव्यक्ति,सरल भाषा र सरस शब्दावली, सुरिला लय र सँगीतका साथ मासिले आफ्नो दुःख, दैन्य र अभावलाई बिर्सेर आनन्दको अनुभव गरेको पाइयो । समसामायिक लोकजीवनको अभिव्यक्ति गर्ने किसिमका गीतहरूमा व्यक्तिको व्यक्तिगत अनुभूति मात्र नभई समाजको अनुभूति पनि अभिव्यक्त भएका गीत मार्फत त्यस समाजको चित्रण र समाजले गरेका राम्रा कार्यको वर्णन गरिएको पाइयो ।

**निष्कर्ष**

यस अध्ययनले काभ्रेपलाञ्चोक जिल्ला स्थित पाँचखाल क्षेत्रमा कस्ता किसिमका के के गीतहरू रहेछन् सो को जानकारी हुनु ।

अ) यहाँ गीत गाउदा आफ्नै क्षेत्रगत भाषा, प्रतिक र विम्ब ,ध्वनिले भिन्नता थपे पनि मनका संवेगलाई सुमधुर स्वर लहरीबाट पस्कँदा जो कोहीलाई लोकगीतको रसमा चुर्लुम्म डुबाउन सफल भएको छ ।

आ) त्यस किसिमका गीतहरूले गर्दा व्यक्तिले आनन्द प्राप्त गरेको अवस्था हुनु ।

इ) त्यहाँको जीवन अत्यन्तै कष्टकर र सङ्घर्षमय भएको हुनाले  विरह, वेदना र करुण रसका गीतहरू नै बढी पाइयो ।

ई) त्यहाँ नेपाली लोकगीको निकै प्रभुत्व रहेको देखियो ।

# तृतीय परिच्छेद

# सारांश तथा निष्कर्ष

## ३.१ सारांश

यस क्षेत्रमा नेपाली लोकजीवनले रचना गरेर सुख, दु:ख, हर्ष, विस्मात, मेला, पर्व, जात्रा, तमासा आदिमा गाउँने गीतलाई लोकगीत भनिन्छ । यस क्षेत्र नेपालको राजधानी देखि पूर्व उत्तर पर्ने काभ्रेपलाञ्चोक जिल्लामा पर्छ । काभ्रेपलाञ्चोक जिल्लाबाट पूर्व पाँचखाल, लामीडाँडा हुँदै पूर्व तर्फ शिखरपुर, होक्से, चाँपको डाँडोको बनजङ्गल हुदै माथिडाँडामा पलाञ्चोक भगवती मन्दिरको अवस्थित रहेको छ । भगवती मन्दिर भएकोले पलान्चोक जगतजननी भगवती तिर्थस्थलको नामले प्रसिद्ध रहेको  छ ।

यस अध्ययनपत्रले काभ्रेपलाञ्चोक जिल्ला स्थित पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) को लोकगीतले पनि आफ्नो स्थान ओगटेको छ । नेपाली समाजमा संस्कृति फरक फरक छन् । यस्तै काभ्रे जिल्लाको सम्वन्धी अध्ययन गर्दा निम्न कुराहरूलाई मुख्य उद्देश्य राखिएको छ ।

- लोकगीतको आफ्नो स्थान एक मह□वपूर्ण रहेको छ नेपाली समाजमा संस्कृति फरक फरक लोकगीतहरूको अध्ययन गरिएको छ ।
- लोकगीतहरूको समस्याहरू पहिचान गर्ने ।
- समस्याका र समाधानका उपायहरू सुझावको रूपमा प्रस्तुत गर्ने ।

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्ने क्रममा यस अध्ययनले विवरणात्मक अध्ययन पद्धतिलाई अपनाइएको छ काभ्रे जिल्ला स्थिति पाँचखाल न.पा. वडा नं. १६ (साविक साठीघर भगवती गा.वि.स.) का मा गाईने लोकगीहरूको सम्वन्धी अध्ययन गर्दा केही लोकगीतका तथ्यांकहरूको प्रयोग गरेको भए पनि अध्ययनको उद्देश्य अनुसार खास गरी प्राथमिक तथ्यांकहरूको प्रयोग भएको छ । जस अनुसार यस अध्ययनले प्रश्नावली, अवलोकन, अन्तरवार्ता र स्थलगत सर्भेक्षण आदिका माध्यमबाट तथ्यांक संकलन गरी व्याख्यात्मक र विश्लेषणात्मक तरिकाबाट प्रस्तुतिकरण गरेको छ ।

यस अध्ययन पश्चात निम्न कुराहरू प्रमुख समस्याको रूपमा देखा परेको छ :

- यस क्षेत्रका लोकगीत झ्याउरे गीतहरू नेपाली लोकजीवनले रचना गरेर सुख, दुःख, हर्ष, विस्मत, मेला, पर्व, जात्रा, तमासा आदिमा गाउने व्यक्तीलाई उचित व्यवस्थ मिलाउन नसक्नु ।
- यस क्षेत्रका गायकको अर्थिक अवस्था राम्रो नहुनाले आफ्नो रचनालाई रेडियो टेलिभिजनमा रेकर्ड गर्न नस्कनु ।
- गीतहरू गाउँदा कुन लयमा गाउने हो सो ज्ञान गराउनेको तालिमको कमि हुनु आदि । काम विशेषमा देवीदेवताको आरधाना गरेर मङ्गलको कामना गर्दै पनि यस्ता गीतहरू गाइन्छन् । यसैले लोकगीतहरू धेरै थरीका छन् गाउने गायकको उचित व्यवस्था नहुनु ।
- उपयुक्त लोकगीत गायक शैक्षिक विद्यालयका आधारस्तम्भ हुन् । यस्ता शिक्षा विकासका सम्वन्धमा विभिन्न गोष्ठीहरू र सेमिनारहरू सञ्चालन गरी लोकगीत स्तरको विकास गर्नेमा ठूलो मह□वपूर्ण भूमिका रहेको छ ।

## ३.२ निष्कर्ष

यस अध्ययनले काभ्रे जिल्ला पाँचखाल क्षेत्रका लोक गीतको व्यवस्थापन सम्वन्धी बुँदागत रूपमा निम्न कुराको निष्कर्षमा पुगेको छ ।

१. नेपालको राजधानी देखि पूर्व उत्तरमा काभ्रेपलाञ्चोक जिल्ला पर्छ । काभ्रेपलाञ्चोक जिल्लाबाट पूर्व पाँचखाल, लामीडाँडा हुँदै पूर्व तर्फ शिखरपुर, होक्से, चाँपको डाँडोको जनजङगल हुँदै माथि डाँडामा पलाञ्चोक भगवती मन्दिरको अवस्थित रहेको छ । भगवती मन्दिर भएकोले पलान्चोक जगत जननीभगवती तिर्थस्थलको नामले प्रसिद्ध रहेको छ । नेपाली लोकजीवनले रचना गरेर सुख, दुःख, हर्ष, विस्मत, मेला, पर्व, जात्रा, तमासा आदिमा गाउँने गीतलाई लोकगीत भनिन्छ । काम बिशेषमा देवीदेवताको आरधाना गरेर मङ्गलको कामना गर्दै पनि यस्ता गीतहरू गाइन्छन् । यसैले लोकगीतहरू धेरै थरीका छन् ।

२. उपयुक्त लोकगीत गायक शैक्षिक विद्यालयका आधारस्तम्भ हुन् । यस्ता शिक्षा विकासका सम्वन्धमा विभिन्न गोष्ठीहरू र सेमिनारहरू संचालन गरी लोकगीत स्तरको विकास गर्नेमा ठूलो मह□वपूर्ण भूमिका रहेको छ ।

३. आर्थिक अवस्था कमजोर भएका अभिवावक जन समुदायले सरल शुल्क तिरेर आफ्नो छोरा छोरीको भविष्य उज्वल पार्नको लागी आफ्नो अभिभावकले गर्न पर्ने दायित्व कमी भएको छ ।

## परिशिष्ठ

### क) स्रोतव्यक्तिको नाम, ठेगाना

| क्र.सं. | नाम, थर | उमेर | लिङ्ग | ठेगाना टोल | फो.नं. | सञ्चालक | सहयोगी |
|---|---|---|---|---|---|---|---|
| १. | अनिता पौडेल | १८ | महिला | पाँचखाल (गैरीगाउँ) | ९८४३४२८९७६ | आफै | चित्र पौडेल |
| २. | अन्जु पौडेल | १७ | महिला | पाँचखाल (गैरीगाउँ) | ९८१८६५२१४९ | आफै | चित्र पौडेल |
| ३. | रजनी खड्का | १८ | महिला | पाँचखाल (गैरीगाउँ) | | आफै | चित्र पौडेल |
| ४. | रञ्जीता खड्का | १७ | महिला | पाँचखाल (गैरीगाउँ) | ९८६०६९४६०७ | आफै | चित्र पौडेल |
| ५. | खड्गकुमारी रेग्मी | ६५ | महिला | पाँचखाल (गैरीगाउँ) | ९८०१२९६३३२ | आफै | चित्र पौडेल |
| ६. | श्याम पहरी | ४२ | पुरुष | पाँचखाल (डाँडागाउँ) | ९८४९१००९३८ | आफै | चित्र पौडेल |
| ७. | कान्छा पहरी | ४६ | पुरुष | पाँचखाल (डाँडागाउँ) | | आफै | चित्र पौडेल |
| ८. | सुष्मा पहरी | ४० | महिला | पाँचखाल (डाँडागाउँ) | ९८१३८८८८५१ | आफै | चित्र पौडेल |
| ९. | रीता पहरी | २२ | महिला | पाँचखाल (डाँडागाउँ) | | आफै | चित्र पौडेल |
| १०. | वालकृष्ण खड्का | ७२ | पुरुष | पाँचखाल (साठीघर) | ९८५११०५१५७ | आफै | ज्योती देउजा |
| ११. | सकुलप्रसाद पौडेल | ५५ | पुरुष | पाँचखाल (गैरीगाउँ) हाल काठमाडौं | ९८४१२८२९०१ | आफै | ज्योती देउजा |
| १२. | सरिता अधिकारी | ४३ | महिला | पाँचखाल (भेटवालथोक) हाल धुखिखेल | ९८४१५११५४४ | आफै | ज्योती देउजा |
| १३. | सुकुमान तामाङ्ग | ३६ | पुरुष | पाँचखाल (धन्द्रेखाला) | | आफै | ज्योती देउजा |
| १४. | राज्यश्वरी थापा | ३२ | महिला | पाँचखाल (चारपिप्ले) हाल बनेपा | ९८४९३१२९५३ | आफै | ज्योती देउजा |
| १५. | ऋषिकान्त घिमिरे | ५६ | पुरुष | पाँचखाल (गैरीगाउँ) हाल काठमाडौं | | आफै | अनिता पौडेल |
| १६. | मुक्तिनाथ तिवारी | ६० | पुरुष | पाँचखाल (भेटवालथोक) हाल बनेपा | | आफै | अनिता पौडेल |
| १७. | सविनाशर्मा अधिकारी | ३२ | महिला | पाँचखाल (चिसापानी) हाल काठमाडौं | ९८५१०८९८३५ | आफै | अनिता पौडेल |

# सन्दर्भ सामग्री सूची


आर्चाय, गोविन्द (२०६२ :५२) **असारे गीतको विश्लेषण,** काठमाडौँ : पैरवी प्रकाशन ।

घिमिरे, कृष्णप्रसाद (२०६९),“नेपाली लोकगीतको परिभाषा र वर्गीकरण”, **अनुसन्धानात्मक समालोचना**, काठमाडौँः कला वुक सेन्टर, कीर्तिपुर ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०१४) **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौँः पाठ्यक्रम विकास केन्द्र ,त्रिभुवन विश्वविद्यालय ।

पराजुली, कृष्णप्रसाद (२०५७) **नेपाली लोकगीतको आलोक**, काठमाडौँः नवीन प्रकाशन प्रा.लि.।

बन्धु, चूडामणी (२०५८), **नेपाली लोक साहित्य**, काठमाडौँः एकता बुक्स डिष्ट्रिब्यूटर्स प्रा.लि.।

रावल, बेनी जङ्गम (२०६३), **सन्दर्भ लोकगीतका**, काठमाडौँ : भृकुटी ऐकेडेमी पब्लिकेशन ।

शर्मा, अन्य (२०६३ ) “**असारे गीतको विश्लेषण”** ।

श्रेष्ठ, तुलसीमान (२०६९), “**असारे गीतको विश्लेषण” उन्मेष** अंक १३ पृ.९ ।